CSRC आत्मनिर्भर केन्द्र

OXFAM

EUROPEAN UNION

# कृषि बजेटमा  साना, महिला र भूमिहीन किसान :बहुपक्षीय छलफल कार्यक्रम
## १६ साउन २०७१, काठमांडौ




## कार्यक्रम प्रतिवेदन

आत्मनिर्भर सेवा केन्द्र

## १. पृष्टभूमिः

नेपालका ७० प्रतिशत मानिसहरुको मुख्य पेशा खेतीपाती हो भने करीब ८० प्रतिशत मानिसहरुको जिविकोपार्जन खेतीपातीबाटै हुदै आएको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषिको कुल राष्ट्रिय उत्पादनमा ३३ प्रतिशत योगदान छ । यति हुदाहुदै पनि खाद्य सुरक्षाका दृष्टिकोणले नेपाललाई जोखिमपूर्ण मुलुकका रुपमा लिईन्छ । किनकी ६० प्रतिशत किसानलाई न्यून भूमि र कृषि सेवाको अभाव आदिले आफ्नै उत्पादनबाट बर्षभरि खान पुग्दैन । खाद्यसुरक्षाको मारमा खासगरी साना तथा महिला एवं भूमिहीन किसानहरु  छन । यसका कारक तत्वहरुमा खेतीयोग्य जमिनको गैरकृषिकरण, जमिन बांझो राख्ने एवं ठुला किसानहरुद्वारा जग्गा ओगटने प्रबृत्ति, सीमान्तकृत एवं भूमिहीन कृषकहरुसंग खेतीपाती गर्ने जमिनको अभाव र त्यसलाई सम्बोधन गर्ने राज्यको स्पष्ट कृषि नीति एवं यथेष्ट लगानीको अभाब आदि छन् ।

यसअर्थमा खाद्यसुरक्षाको समस्यालाई सहि रुपले सम्बोधन गर्न राज्यले एकातिर साना किसानमुखि नीति, कार्यक्रम र बजेट तर्जुमा एवं लगानी गर्नु आबश्यक छ भने अर्कोतिर रोजगारीका नाममा दैनिकजसो सयौको संख्यामा बिदेशिने युवा जमातलाई कृषि पेशातर्फ आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रम चाहिएको छ । आर्थिक बर्ष २०७१/७२ को बजेटमा राज्यले  कृषि क्षेत्रलाई प्राथामिकता दिन खोजेपनि पर्याप्त छैन । यस वर्षको कृषि सम्बन्धी कार्यक्रमले साना, महिला र भूमिहिन किसानले के लाभ पाउँछन् ? पाउँछन् भने के पाउँछन् ? त्यस्ता जानकारी किसानको झुपडी र खेतवारीसम्म कसरी पुर्‍याउने ? यसमा सरकारी एवं गैरसरकारी संस्थाहरुको के भूमिका हुन्छ ? भन्नेजस्ता विषयमा सरोकारवाला पक्षहरुबीच बिचार बिमर्श, छलफल एवं बिश्लेषण गरिनु आबश्यक ठानी १६ साउनमा आधा दिने बहुपक्षिय सरोकारवाला छलफल काठमाडौंमा भयो । कार्यक्रममा महिला २५ र पुरुष  ३० सहभागी थिए ।

## २. उद्धेश्य

(क) आ. ब. २०७१/७२ को कृषि बजेट र यसबाट साना तथा महिला किसानले पाउने लाभबारे किसान अगुवाहरुलाई जानकारी गराई तिनका माध्यमबाट गांउका किसान सम्म  पुर्‍याउने ।

(ख) कृषि योजना र बजेट तर्जुमा गर्दा साना तथा महिला किसानको सहभागीता सुनिश्चत गर्दै तिनका सवालमा लगानी बढाउन आवाज उठाउने ।

(ग) कृषि बजेट र यसबाट साना तथा महिला किसानले पाउने लाभ प्राप्त हुने स्थिति बनाउन सरोकारवालाहरुको भूमिका स्पष्ट गर्ने ।

## ३. प्रश्तुतीकरण

*(क) कृषि बजेट २०७१/०७२ : एक सामान्य जानकारी* (भरत कँडेल बरिष्ठ कृषि अर्थबिज्ञ कृषि बिभाग)

यस प्रश्तुतीमा बजेट तर्जूमाका आधार तथा अवस्था, बजेटमा महिला र साना किसान, बजेट तर्जूमा प्रक्रिया, सम्बन्धित निकायमा बजेट जाने प्रक्रिया एवं कृषि बिभाग अन्तर्गतका कार्यक्रमहरुको जानकारी समाबेश गरिएको थियो । बजेटमा महिला तथा साना किसानलाई भनेर छुट्टै व्यवस्था नभएपनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनीहरुलाई बिभिन्न कार्यक्रम वा क्रियाकलापबाट आयआर्जन तथा जीविकोपार्जनमा सहयोग भैरहेको जानकारी गराईएको थियो । उहांले कृषि बिभागद्वारा आर्थिक बर्ष २०७०/०७१ देखि यूवा लक्षित कार्यक्रम सञ्चालनमा रहेको बताउनु भयो, जसलाई हाल रु ५० करोड ६६ लाख रकम बिनियोजन गरिएको छ ।

यसैगरि लक्षित कार्यक्रमहरुमा महिला र बिपन्न बर्गका किसानको आयस्तर बढाई जीविकोपार्जनमा सहयोग पुऱ्याउन जिल्ला कृषि बिकास कार्यालयमा तरकारी, खाद्यान्न बाली, उच्च मूल्य जाने कृषि बस्तु जस्तै मौरी, च्याउ, तरकारी बिउ उत्पादन, तालीम, प्रदर्शन, अनुभव साट्ने तथा सिक्ने कृषक भ्रमण जस्ता क्रियाकलाप सञ्चालन गरिने कुरा प्रष्ट्याईयो । यसैगरी केन्द्रस्तरका पहिलो प्राथमिकतामा परेका बिभिन्न ४२ वटा आयोजना तथा कार्यक्रमहरु र तीनीहरुको लागत बारे चर्चा गर्दै उहांले उक्त परियोजनाहरुबाट सरोकारवाला कृषकहरुले प्रत्यक्ष लाभ लिन सक्ने कुराको जानकारी गराउनु भयो । (( ( विस्तृत अनुसूची ३ मा हेर्नुहोस् । )

*(ख) कृषि बजेट र साना किसान* (डा. कृष्णप्रसाद पन्त, विज्ञ एवं स्वतन्त्र अर्थ विश्लेषक)

प्रश्तुतीमा कुल ग्राहर्स्थ उत्पादनको एक तिहाइ योगदान दिने कृषि क्षेत्र व्यवसायिक बन्न नसकेको भन्दै डा. पन्तले कृषि मन्त्रालय अन्तर्गत रु. २३ अर्ब २८ करोड र सिंचाई मन्त्रालय अन्तर्गत रु. १६ अर्ब १८ करोड गरि कृषिमा प्रत्यक्ष रुपमा ६.३८ प्रतिशत बजेट छुट्याई सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो । यस क्रममा बजेटले कृषकलाई समृद्ध बनाई कृषि पेशा प्रति युवालाई आकर्षण गर्न सक्छ कि सक्दैन भन्ने कुरालाई सरोकारवाला किसानहरुको पक्षबाट हेरिएको थियो । कृषि बजेट २०७१/७२ का आर्कषणका रुपमा बजेटले पहाडमा १० हेक्टर र तराईमा २० हेक्टर जमीन एकत्रित गरी खेतीको व्यवसाकिरण तथा यान्त्रीकरण गर्ने समुहलाई जग्गा विकास तथा यान्त्रीकरण गर्न लिएको ऋणको ब्याजमा ५० प्रतिशत र साना तथा सीमान्तकृत किसानहरुको सहकारीलाई ७५ प्रतिशत ब्याज अनुदान दिईएको कुरा उल्लेख गर्दै पशु बिमा, चिया उद्योग संचालन, प्रांगरिक मल उत्पादन, जैविक खेति, सिंचाई तथा पशुपालन जस्ता शिर्षकहरुमा पनि प्रशस्त अनुदानको ब्यबस्था भएको कुरा जानकारी गराईयो ।

बजेट शिर्षक र त्यसको प्रयोगका बारेमा चर्चा गर्दै प्रश्तुतकर्ताले किसानहरुले प्रत्यक्ष लाभ लिने ठोस कार्यक्रममा भन्दा पनि बिनियोजित रकम प्रशासन संयन्त्रमा खर्च हुने कुराको जानकारी गराउनु भयो । यसैगरि कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने अनुदानका कार्यक्रममा  विशेष कृषि उत्पादन कार्यक्रम ( मल), साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना,  सहकारी खेती, साना सिंचाई, मलबीउ ढुवानी तथा पशु विकास सेवा कार्यक्रम, कृषि तथा खाद्य सुरक्षाजस्ता आयोजनाहरुमा बिनियोजित रकमबारे प्रकाश पारिएको थियो ।  कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने उत्पादन सामग्रीका कार्यक्रममा कपास विकास समिति, चिया कफि, अलैची विकास बोर्ड, वागवानी विकास कार्यक्रम, आलु, तरकारी तथा मसला विकास कार्यक्रम,  मत्स्य विकास कार्यक्रम, किसानको लागि उन्नत विउविजन कार्यक्रम, माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम, पशु स्वास्थ्य सेवा कार्यक्रम, कृषि सुचना तथा सन्चार जस्ता कार्यक्रमहरुमा बिनियोजित रकमका बारेमा चर्चा गरिएको थियो ।

प्रश्तुतीकरणमा कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने जिल्ला स्तरीय कार्यक्रमहरुमा कृषि प्रसार कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम र घर बगैचा कार्यक्रम अन्तर्गत क्रमश : २ अर्ब २३ करोड, १ अर्ब ८९ करोड र ३ करोड ८८ लाख रुपैंया बिनियोजन भएको कुरा जानकारी गराईयो ।  बजेटको लक्षित बर्गको बारेमा कुरा गर्दा राष्ट्रिय कृषि नीति २०६१ ले कृषकहरुलाई ब्यवसायिक र साना किसान गरि दुई बर्गमा बाँडेपनि ब्यवसायिक किसानलाई सहयोग गर्ने धेरै आयोजनाहरु आएका छन् भने साना किसानले अझैपनि राम्रो सेवा नपाईराखेको अवस्था छ । यसैगरि बजेट कार्यक्रममा साना किसानको पहुँच पुऱ्याउने उद्देश्य लिईएता पनि यस्ता किसानहरु समुहमा आवद्ध भएमात्र सेवा सुलभ हुने अवस्था छ भने सिमित कृषि एवं पशुसेवा प्राविधिकले घर गोठमा पुगि सबैलाई सेवा दिन सक्ने अवस्था छैन । (विस्तृत अनुसुचि ४ मा हेर्नुहोला । )

## ४. टिप्पणी तथा छलफल

प्रश्तुतीकरण लगत्तै किसान तथा विज्ञहरुको तर्फबाट बजेटको सकारात्मक र नकारात्मक पक्षमाथि टिप्पणी गरिएको थियो । कार्यक्रममा सहभागी सरोकारवाला निकाय तथा ग्रामीण क्षेत्रका कृषिमा काम गर्ने अधिकारवालाहरूले कृषिको बजेट किसान र कृषि क्षेत्रको आवश्यकता अनुसार हुन नसकेको टिप्पणी गरेका थिए । देशलाई चिनाउन कृषि प्रधान देश भनिन्छ तर, राज्यले यस क्षेत्रमा जति प्राथमिकता दिनुपर्ने हो त्यती दिन नसकेको सरोकारवालाले बताए । सरकारले हरेक वर्ष कृषि क्षेत्रमा बजेट  विनियोजन गर्छ तर उक्त बजेट वास्तविक किसानमुखी हुन नसकेको कुरामा सहभागी किसानहरूको जोड रहेको थियो ।

सरकारी अनुदानका कार्यक्रमहरू ठूला किसान र पहुँचवालाले मात्र उपयोग गरिरहेको तर यस्ता अनुदान कार्यक्रमहरूमा अनेकन शर्तहरू राखिने हुँदा साना किसानहरूको पहुँच नपुगेको सरोकारवाले टिप्पणी गरे । छलफलमा सहभागी कृषि विज्ञ, भूमि तथा कृषि अधिकार अभियानमा सङ्गठित अगुवा कृषक र यसका सरोकारवालाले कृषि बजेट वास्तविक किसानमुखी नभएको प्रतिक्रिया जनाए । उनीहरूले कृषि बजेटमा ठूला किसान र पहुँचवालाको मात्रै हालीमुहाली रहेको बताए ।

कार्यक्रममा कृषि विकास मन्त्रालयका वरिष्ठ बाली विकास अधिकृत डा. हरिबहादुर केसी, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री, कृषि विभागका वरिष्ठ कृषि अर्थविज्ञ भरत कँडेल, कृषि विज्ञ डा. कृष्ण पन्त र लेखक हरि रोक्का, भूमि विज्ञ जगत बस्नेत, राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीलगायत ग्रामीण तहका साना तथा महिला किसानहरूले कृषि बजेट वास्तविक किसानमुखी हुन नसकेको टिप्पणी गरेका थिए ।

सहभागीहरूले अर्थ मन्त्रालयले वर्षेनि बजेट बनाउनुपूर्व उद्योगी तथा ठूला व्यापारीसँग परामर्श गर्छ तर भूमिहीन र किसानसँग छलफल नगर्ने गरेकाले बजेट लक्षित वर्गमुखी हुन नसकेको औंल्याए । विश्लेषक हरि रोक्काले केन्द्रमा १०० रुपियाँ बजेट छुट्याउँदा गाउँसम्म पुग्दा जम्मा १४ रुपियाँ मात्र पुग्ने गरेको भन्दै वास्तविक किसानहरू सरकारी बजेट तथा अनुदानबाट टाढा रहेको बताउनुभयो ।

कृषि विज्ञ डा.कृष्ण पन्तले आ.व.२०७१/७२ को बजेट अघिल्ला वर्षभन्दा बढी बजेट विनियोजन गरेको भए पनि विगत जस्तै गरिब, किसान तथा भूमिहीनमुखी नभएको टिप्पणी गर्नुभयो । राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले भूमिहीन, कृषि मजदूरमुखी बजेट सरकारले नल्याउँदा कृषि मजदूरमाथि अन्याय गरेको टिप्पणी गर्नुभयो भने अनुदान तथा छुट कार्यक्रमहरू जग्गा जमिन धेरै हुने तथा ठूला किसानहरूको मात्रै पहुँच हुने र साना तथा कम जग्गा जमिन हुनेहरू हरेक अनुदान, बिमा तथा छुट कार्यक्रमहरूबाट छुट्ने गरेको बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष क्षेत्रीले योजना तर्जुमा गर्दादेखि नै भूमिहीन, महिला तथा साना किसानको कम सहभागिता हुने हुँदा बजेट तथा कार्यक्रम कार्यान्वयनको समयमा पनि उनीहरू छुट्ने गरेको बताउनुभयो । ¾पहुँच हुनेको जताततै हालीमुहाली हुन्छ तर पहुँच नहुने सीमान्त तथा साना किसान जहिले पनि पछाडि पर्छन्‌र उहाँले भन्नुभयो । अहिलेको बजेट कृषि क्षेत्रमा केही वृद्धि भए पनि साना किसानमुखी नभएको उहाँले औंल्याउनुभयो ।

कार्यक्रममा विभिन्न जिल्लाबाट **सहभागी भूमिहीन, महिला तथा साना किसानले** स्थानीय निकायमा १५ प्रतिशत कृषिको बजेट जाने नीति भए पनि त्यसमा किसानको पहुँच नरहेको बताएका छन् । यसै क्रममा डडेलधुराबाट प्रतिनिधित्व गर्ने महिला किसान भागिरथी जोशीले, सरकारले जतिसुकै सहयोगका कार्यक्रम घोषणा गरेपनि साना तथा भूमिहीन किसानलाई छुन नसकेको र सीप बिकास तथा क्षमता अभिबृद्दि तालीम जस्ता कार्यक्रममा पनि धेरै जग्गा जमिन हुने अगुवा कृषकहरुले मात्र सहभागी हुने गरेको बताउनु भयो । चितवनबाट प्रतिनिधित्व गर्ने अर्का एक महिला किसान दमन कुमारी चेपा» ले राज्यबाट प्रदान गरिने सहयोग एकत लिनै गाह्रो, लिईसके पछाडि पनि अनेकन झन्झट बेहोर्नु पर्ने भएकाले यस्ता सहयोग नाम मात्रका सहयोग रहने गरेको बताउनुभयो । यसैगरि, कृषि बजेटमा साना, महिला तथा भूमिहीन किसानलाई जतिसुकै बजेट छुट्याइएको वा अनुदान दिईएको भनिएता पनि आफुले केहि पनि प्राप्त गर्न नसकेको भनी सूर्खेत जिल्लाबाट अर्का एक महिला किसान पूर्णिमा रानाले गुनासो गर्नुभयो । साथै गाविसस्तरको बजेट बांडफांडमा सरोकारवाला किसानहरुको पहुंच पुग्न नसकेको भन्दै सिन्धुपाल्चोकबाट प्रतिनिधित्व गर्ने महिला किसान डम्मरकुमारी थामीले आफुहरुका लागी छुट्याईएको बजेटबाट पनि स्थानीय टाठाबाठाहरुले सर्बसाधारणका नाममा फाईदा लिने गरेको भन्दै यसको प्रभाबकारी अनुगमन हुनुपर्ने कुराको माग राख्नुभयो ।

यसरी समग्रमा हेर्दा राजनीतिक दल तथा ठूला किसानहरूले नै कृषि बजेटमा पनि प्रभुत्व जमाउने गरेको देखिन्छ, नकि भूमिहीन, महिला तथा साना किसानहरुले । सम्पन्न कार्यक्रमको शुरुवातमा आत्मनिर्भर केन्द्रका जगत देउजाले सहभागी परिचय तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै बजेट निर्माणको क्रममा सरकारले औद्योगीक तथा ब्यापारीक घरानाहरुसंग परामर्श गर्ने गरेको तर भूमिहीन, साना तथा महिला किसानहरुलाई वास्ता नगर्ने परिपाटीले वास्तबिक किसानहरुलाई बजेटले छुन नसकेको टिप्पणी गर्दै आगामी दिनहरुमा बजेट तर्जुमा गर्दा उक्त किसानहरुसंग छलफल चलाउन एक संयन्त्रकै बिकास गरिनुपर्ने आबश्यक्ता रहेको बताउनु भयो । अन्त्यमा कार्यक्रमको समापन गर्दै अक्स्फामका प्रबिणमान सिंहले बजेट किसानमुखि भएतापनि सबैखाले किसानहरुलाई एउटै नीतिले समेटेकाले वास्तबिक भूमिहीन, साना तथा महिला किसानलाई फाइदा पुग्ने कुरामा शंका व्यक्त गर्नुभयो । साथै उहांले बजेट कार्यान्वयनको पक्षलाई सबल बनाउन बजेट निर्माण प्रकृयामै सरोकारवाला किसानहरुको सहभागीता गराउनुपर्ने तथा कृषि बजेटबारे उनीहरुलाई सुसुचित गराउनुपर्ने कुरामा जोड दिनुभयो ।

## ५. सारसंक्षेप

समग्रमा कृषि बजेटले सबै किसाहरुलाई समेटन खोजेको देखिएता पनि यसले कृषि क्षेत्रको व्यवसायीकरण र निर्यात प्रबर्द्धनलाई विशेष जोड दिएको हुदा साना, महिला तथा भूमिहीन किसानहरु संगठित भई आवाज उठाउनु आबश्यक छ । उनीहरुको क्षमता अभिबृद्धिका लागि प्राबिधिक सहयोगका साथै बजारसँग उनीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गरिनु पर्दछ । यसैगरि प्रतिस्पर्धात्मक तवरले कृषि मलको मूल्यमा दिईने जस्ता अनुदानबाट सानालाई भन्दा ठूला किसानलाई धेरै फाईदा पुग्दछ । त्यसैले सबै किसानलाई समान अनुदान दिनु भन्दा साना किसानलाई बढी अनुदान दिने कार्यक्रम र बजेट बनाईनु पर्दछ भने गाउँ विकास समितिमा जाने बजेट मध्येबाट १५ प्रतिशत बजेट अनिवार्य रुपले कृषिमा, खासगरि साना किसानका हितमा लगाउन पर्ने नीति आवश्यक छ । यसका साथै सरोकारवाला निकायहरुले बजेट कार्यान्वयनका कमजोर पक्षहरुको पहिचान गरि तीनिहरुको निराकरण गर्नु पर्दछ । यसका लागी सेवा लिने निकाय सवल एवं सक्षम हुनु आबश्यक छ भने सेवा दिने निकाय पनि उत्तिकै जिम्मेवार भई काम गर्नुपर्ने हुन्छ । सेवाग्राही किसानहरुले पनि आफ्नो हक सम्बन्धित निकायमा गई दाबी गर्दा बिना योजना भन्दा योजना सहित प्रशस्त तयारी एवं अध्ययन पश्चातमात्र गर्न जरुरी छ जुन बढी प्रभाबकारी हुन्छ । छलफलका क्रममा सहभागी किसान, विज्ञ एवं भूमिअधिकारकर्मिहरु सबैको भनाईबाट, कृषि बजेटमा बृद्धि भएता पनि यो बजेटले भूमिहीन, साना तथा महिला किसानहरुले प्रत्यक्ष रुपले फाईदा लिन नसकेकाले, कृषि बजेटलाई उक्त किसाहरुको झुपडीसम्म कसरी पुÐयाउने भन्ने बिषयमा गहन छलफल एवं अध्ययन अनुसन्धान गरिनु आबश्यक रहेको कुरा महशुस भयो भने यस्ता समस्याहरुलाई सम्बोधन गर्न आगामी दिनमा निम्नलिखित कार्यहरुमा प्राथमिक्ता दिईनुपर्ने देखिन्छ :

- कृषि बजेटको पहुंच बाहीर रहेका ग्रामीण भेगका किसानहरुलाई स्थानीय स्तरका कृषिका साथै अन्य बजेटबारे जानकारी लिन तथा त्यस्ता बजेटमा आफ्नो हक दाबी गर्न अभिमूखिकरण गर्ने

- कृषि बजेट के हो र यसबाट के कति फाईदा लिन सकिन्छ भन्ने बारे अध्ययन सामग्री तयार गरि स्थानीय तहसम्म पुÐयाउने ।
- नीतिगत निर्णय गर्ने तह र किसानहरुकाबीच रहेको दुरी कम गर्ने ।
- बजेट योजना तर्जुमा एवं कार्यान्वयन प्रकृयाबारे चार्ट तयार पारी बितरण गर्ने ।

!!!!!!



**अनुसुचिहरु**

## अनुसुचि १. कार्यक्रम तालिका

**कृषि बजेटमा साना, महिला र भूमिहिन किसान**
**बहुपक्षीय छलफल कार्यक्रम, १६ साउन २०७१**
**होटल प्यासीफिक, जमल काठमांडौ**

**उद्धेश्य :**

१. आ. ब. २०७१/७२ को कृषि बजेट र यसबाट साना तथा महिला किसानले पाउने लाभबारे किसान अगुवाहरुलाई जानकारी गराई तिनका माध्यमबाट गांउका किसान सम्म पुऱ्याउने ।

२. कृषि योजना र बजेट तर्जुमा गर्दा साना तथा महिला किसानको सहभागीता सुनिश्चत गर्दै तिनका सवालमा लगानी बढाउन आवाज उठाउने ।

३. कृषि बजेट र यसबाट साना तथा महिला किसानले पाउने लाभ प्राप्त हुने स्थिति बनाउन सरोकारवालाहरुको भूमिका स्पष्ट गर्ने ।

**सहजीकरण :** हरी रोका, अर्थ एवं राजनीतिक विश्लेषक/लेखक

**कार्यक्रम :**

| समय | कार्यक्रम | जिम्मेवारी |
|---|---|---|
| ८.०० – ८.३० | खाजा तथा उपस्थिति दर्ता | |
| ८.३० - ८.४५ | स्वागत/उद्धेश्य, सहभागी परिचय | आत्मनिर्भर केन्द्र |
| ८.४५ - ९.०५ | प्रस्तुतीकरण –कृषि बजेट तर्जुमा प्रकृया, क्षेत्रगत वितरण र लाभान्वीत समुह | श्री भरत कंडेल/ बरिष्ट कृषि अर्थविज्ञ, कृषि बिकास बिभाग |
| ९.०५ - ९.२५ | प्रस्तुतीकरण र साना तथा महिला किसानका आंखामा कृषि बजेट | डा. कृष्णप्रसाद पन्त |
| ९.२५ - ९.५५ | प्रस्तुतीमाथी किसान र विज्ञको टिप्पणी | सोम प्रसाद भण्डारी, यमुना घले, दिपेन्द्र बहादुर क्षेत्री |
| ९.५५ - १०.१५ | जिज्ञासाउपर आफ्नो भनाई | प्रस्तोता |
| १०.१५ - १०.३५ | चिया ब्रेक | |
| १०.३५ - ११.३५ | खुल्ला छलफल | सहभागी |
| ११.३५ - १२.१० | कार्यक्रम सार तथा समापन | अक्सफाम |

## अनुसुचि २. उपस्थिति

| क्र.सं | नाम | ठेगानाÖकार्यालय | सम्पर्क नं | ईमेल |
|---|---|---|---|---|
| १ | कल्पना कार्की | आत्मनिर्भर केन्द्र | ९८५११४०४७४ | kalpana@csrcnepal.org |
| २ | प्रमोद कुमार श्रेष्ठ | सिंचाई मन्त्रालय | ९८४१३२८७८९ | pramod052@gmail.com |
| ३ | निरुता उराले | दैलेख | ९८६८३०६५६२ | |
| ४ | मन्जु तिरुवा | सिन्धुली | ९८६०१०१३७४ | |
| ५ | नन्दकला नेपाली | दैलेख | | |
| ६ | पूर्णिमा राना | सुर्खेत | ९८४९८८८५४४ | |
| ७ | पूर्णा चालीसे | सुर्खेत | ९८४८०३८०७४ | |
| ८ | रन्जु कुमारी खाम्चा | सुर्खेत | ९८४४८६३८२९ | |
| ९ | दिलसरी राना | सुर्खेत | ९८०००५५६४१ | |
| १० | सन्तोषी लम्साल | दैलेख | ९८४८०६४४७८ | |
| ११ | साबित्रा बि क | दैलेख | | |
| १२ | दमन कुमारी चेपा» | चितवन | ९८१३३०३९९२ | |
| १३ | भागिरथी जोशी | डडेलधुरा | ९८४८७७३५१८ | |
| १४ | साबित्री बाहोरा | डडेलधुरा | | |
| १५ | लक्ष्मिदेवी शाही | डडेलधुरा | ९८४८८४६७२५ | |
| १६ | संचमाया तामा» | सिन्धुपाल्चोक | ९८०३६३६५६३ | |
| १७ | श्यामो देवी दास | सिराहा | | |
| १८ | बिमला बि क | सिराहा | | |
| १९ | सुरज कुवर | कान्तिपुर दैनिक | ९८५११६४००० | firstnepali@gmail.com |
| २० | डा हरी ब केसी | कृषि मन्त्रालय | ९८४१४०२८७ | kchari2002@gmail.com |
| २१ | पुष्प कोईराला | अभियान दैनिक | ९८५११९६६४५ | puspakoirala@gmail.com |
| २२ | रामहरी शर्मा | NFGF | ९८४१३६१२६९ | |
| २३ | नवराज बस्नेत | राष्ट्रिय कृषक समुह महासंघ | ९८४१०४०९६० | |
| २४ | विष्णुदेवी पौडेल | रा. यो. आ. | ९८४१२८००१३ | |
| २५ | ज्ञानेन्द्र ब. मग्राती | OFG काठमांडौ | ९८५११७४८५० | gyanendra.man@gmail.com |
| २६ | भरत खडका | आईडिस | ९७४९५१३५९१ | dbkshetry@yahoo.com |
| २७ | दिपेन्द्र क्षेत्री | काठमांडौ | ९८५१०९९८८३ | dbkshetry@yahoo.com |
| २८ | केपी खनाल | Onlinechautari.com | ९८५११९४७२९ | Kkhanal96@gmail.com |
| २९ | शैलेन्द्र चौधरी | हिमालयन टेलिभिजन | ९८०३७५६८१० | sailenhtv@gmail.com |
| ३० | गणेश ब मगर | आईडिस | ९८४८७६७५५३ | ganeshtddl@gmail.com |
| ३१ | अशोक ब सिंह | किसान संजाल नेपाल | ९८४९६२३०४० | |
| ३२ | योगीता राई | खाद्य अधिकार | ९८५१०९०१४६ | yogita@rrn.org.com |
| ३३ | सुरेश ढकाल | टियू | | |
| ३४ | सुधा खडका | अक्स्फाम | ९८५११५२७९२ | skhadka@oxfam.org.uk |

| | | | | |
|---|---|---|---|---|
| ३५ | यमुना घले | सीडिसी | ९८५१०६५७३८ | yamuna.ghale@eda.admin.ch |
| ३६ | डा कृष्ण प्र पन्त | खाद्य अनुसन्धान बिभाग | ९८४१३१७९१७ | kppanta@gmail.com |
| ३७ | बालकृष्ण शर्मा | मेडिआ कन्सर्न | ९८५१०७५५०१ | |
| ३८ | रीता सापकोटा | CDC, काठमांडौ | ९८४१३७५६९८ | sapkotarita@gmail.com |
| ३९ | डम्मर कुमारी थामी | सिन्धुपाल्चोक | | |
| ४० | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र | ९८४१७४१८६६ | |
| ४१ | रक्षा शर्मा | अक्स्फाम | ९८५११६३९९१ | rsharma@oxfam.org.uk |
| ४२ | भोला बस्नेत | आत्मनिर्भर केन्द्र | ९८५२८४०६०८ | bhola@csrcnepa.,org |
| ४३ | रघुनाथ लामीछाने | नागरिक दैनिक | | |
| ४४ | रमा आलेमगर | हिमवन्ती नेपाल | ९८५११३२८०८ | |
| ४५ | भारती पाठक | फेकोफन | ९८५१११३८२९ | bharatipathak_2006@yahoo.com |
| ४६ | प्रकाश काफ्ले | केयर नेपाल | | |
| ४७ | सोम प्रसाद भण्डारी | राष्ट्रिय भूमि अधिकार मंच, नेपाल | ९८४३४६७८०७ | |
| ४८ | सरस्वती सुब्बा | राष्ट्रिय भूमि अधिकार मंच, नेपाल | ९८४१८६६३०१ | |
| ४९ | हरि रोका | | ९८५१०१९९१ | hariroka@gmail.com |
| ५० | भरत कडेल | कृषि बिभाग | ९८४१४६८४३८ | bharatkandel1972@yahoo.com |
| ५१ | कल्पना कुमारी लम्साल | दैलेख | ९८६८०९४७३० | |
| ५२ | प्रविणमान सिंह | अक्स्फाम | ९८५११५००७४ | pmsing@oxfam.org.uk |
| ५३ | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | ९८५१०८११९७ | jagatb@csrcnepal.org |
| ५४ | जगत देउजा | आत्मनिर्भर केन्द्र | ९८५१०१५१४५ | deujaj@csrcnepal.org |
| ५५ | शान्तिराम भण्डारी | आत्मनिर्भर केन्द्र | ९८४१३७८७९२ | shantiram@csrcnepal.org |

अनुसुचि ३ : प्रश्तुतीकरण : २०७१Ö०७२ कृषि बजेट : एक सामान्य जानकारी, (भरत कँडेल बरिष्ठ कृषि अर्थबिज्ञ कृषि बिभाग)

**२०७१/०७२ कृषि बजेट : एक सामान्य जानकारी**




**भरत कँडेल बरिष्ठ कृषि अर्थबिज्ञ**

प्रस्तुतीको क्रम

- बजेट तर्जुमाका आधार तथा अवस्था
- बजेटमा महिला र साना किसान
- बजेट तर्जुमा प्रक्रिया
- सम्बन्धित निकायमा बजेट जाने प्रक्रिया
- कृषि बिभाग अन्तर्गतका कार्यक्रमहरुको जानकारी

कार्यक्रम बजेट तर्जूमाका आधारहरु

- नेपालको अन्तरिम संबिधान, २०६३ का सान्दर्भिक धाराहरु
- राष्ट्रिय कृषि नीति, २०६१
- स्थानिय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६
- शहस्राब्दी बिकास लक्ष्यहरु
- आवधिक योजनाहरु, ३ बर्षिय अन्तरिम योजना
- नेपाल सरकारले जारी गरेका बिभिन्न परिपत्र तथा निर्देशनहरु
- नेपाल सरकारले जारी गर्ने नीति तथा कार्यक्रम

कृषि बजेटको अवस्था

आ.व. २०७१/०७२ मा कृषि बिभाग अन्तर्गतका २२ बिभिन्न खर्च शिर्षक अन्तर्गतका बिभिन्न कार्यक्रम तथा आयोजनाहरुमा करीव ६ अर्ब ४६ करोड ११ लख ८२ हजार बिनियोजन भएको छ। जुन गत आ.व. २०७०/०७१ करीव १२ प्रतिसतले बढी हो।

कृषि बजेटमा महिला र साना किसान

- महिला, महिला कृषक र साना कृषक वा कर्बाजियमिभचक लाई बजेटले ठोस रुपमा उनीहरुकै लागि नभनेपनि प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा बिभिन्न कार्यक्रम वा क्रियाकलापबाट आय आर्जन तथा जीविकोपार्जनमा सहयोग भैरहेको अवस्था छ ।
- कृषि प्रसार तथा कर्णाली अञ्चल कृषि बिकास आयोजना अन्तर्गतका कृषि कार्यक्रम तथा क्रियाकलापहरु कार्यान्वयनमा कम्तिमा ३३ प्रतिसत महिलाको सहभागिता गराउनुपर्ने बाध्यकारी ब्यवस्था गरिएको छ ।
- मध्यपहाडी क्षेत्रमा यो ५० प्रतिसतको हाराहारीमा हुने गरेको छ ।

कृषि बजेटमा महिला र साना किसान

- संबिधान सभाको ब्यवस्थापिका संसदको बैठकमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू द्वारा प्रस्तुत आर्थिक बर्ष २०७१/०७२ को नेपाल सरकारको नीति तथा कार्यक्रमको १७ नं. बुँदामा, दलित, भूमिहीन, सुकुम्बारी, मुक्त कमैया तथा हलिया र पछाडि परेका समुदायलाई लक्षित गरि जग्गा भाडामा दिई खेती गर्न लगाईनेछ । ब्यवसायिक खेतीमा युवालाई आकर्षित गर्नुका साथै अर्थतन्त्रमा कृषिको योगदान बढाउन र दूध, माछा मासु, फलफूल, तरकारी आदी बस्तुमा आत्मनिर्भर हुन र उच्च मूल्यका कृषि उपजको निर्यात बढाउन बिभिन्न प्रकारका सहुलियत एवं अनुदानको ब्यवस्था गरिनेछ । कृषिमा महिलाको बढ्दो भूमिकालाई थप प्रभावकारी बनाउन महिला कृषक लक्षित बिशेष कार्यक्रम लागू गरिनेछ ।

कृषि बजेटमा महिला र साना किसान

- संबिधान सभाको ब्यवस्थापिका संसदको बैठकमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यू द्वारा प्रस्तुत आर्थिक बर्ष २०७१/०७२ को नेपाल सरकारको नीति तथा कार्यक्रमको ९३ नं. बुँदामा,
    - सहकारी ब्यवसाय प्रवर्द्धनका लागि सरकार सहकारी हाम्रो साझेदारी कार्यक्रम अन्तर्गत कृषि, पशुपालन, कृषिजन्य प्रसोधन उद्योगहरुको स्थापना र सञ्चालनका लागि तोकीएका सहकारीहरु मार्फत सहुलियत ऋण उपलब्ध गराईनेछ । महिला, अपाङ्ग, बिपन्न एवं दलित बर्गहरुबाट सञ्चालित एवं ग्रामिण क्षेत्रका सहकारी संस्थाहरुलाई यस्तो सुबिधामा प्राथमिकता दिईनेछ ।
    - कार्यबिधि बनेपछि कार्यक्रम र क्रियाकलापबारे बिस्तृत जानकारी हुनेछ ।

कृषि बजेटमा महिला र साना किसान

- नेपाल सरकारले आर्थिक बर्ष २०७१/०७२ को बजेट बक्तब्यमा,
    - भूमिहीन महिला, तथा सिमान्कृत किसान, बिपन्न एवं दलित बर्गका किसानका लागि तराईमा २० हेक्टर र पहाडमा १० हेक्टर जमिनमा कृषि उत्पादनका लागि प्रयोग हुने यन्त्रमा ५० प्रतिसत तथा ब्याजमा सतप्रतिसत अनुदान दिने भनि घोषणा भएको ।
    - कृषि प्रसार कार्यक्रम सञ्चालन गर्दा  अति बिपन्न बर्ग र अति बिपन्न बर्गका महिलालाई लक्षित गरि उनीहरुको आयस्तर बृद्धि गर्ने खालका तथा जीविकोपार्जनमा सहयोग पुग्ने किसिममा कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्ने

कृषि बजेटमा महिला र साना किसान

- कृषि बिकास मन्त्रालय अन्तर्गत कृषि बिभागद्वारा आर्थिक बर्ष २०७०/०७१ देखि सञ्चालनमा रहेको यूवा लक्षित तथा तरकारी उत्पादन कार्यक्रममा,
    - चेपाङ्गको आयस्तर बढाउनको लागि जीविकोपार्जनमा सहयोग गर्नका लागि धादिङ्गमा लक्षित मौरीपालन कार्यक्रम सञ्चालनमा रहेको
    - राउटे जातिलाई जीविकोपार्जनमा सहयोग गर्ने उद्धेश्यले डडेलधुराको जोगबुडा क्षेत्रमा मौसमी तरकारी उत्पादनका कार्यक्रम सञ्चालनमा रहेको र यसले स्वस्थ्यमा समेत सकारात्मक असर पारेको पाईएको

**लक्षित कार्यक्रमहरू**

महिला र बिपन्न बर्गका किसानकालाई लक्षित गरि उनीहरुको आयस्तर बढाई जीविकोपार्जनमा सहयोग पू-याउनका लागि जिल्ला कृषि बिकास कार्यालयमा तरकारी, खाद्यान्न बाली, उच्च मूल्य जाने कृषि बस्तु जस्तै मौरी, च्याउ, तरकारी बिउ उत्पादन, तालीम, प्रदर्शन, अनुभव साट्ने तथा सिक्ने कृषक भ्रमण जस्ता क्रियाकलाप सञ्चालन गरिन्छ ।

**युवा लक्षित कार्यक्रमहरू**

- बिदेशमा गएर फर्किएका, जान लागेका तथा शैक्षिक बेरोजगारलाई समेत लक्षित गरि कृषि विकास मन्त्रालय, कृषि बिभागले तरकारी, मौरी, च्याउ तथा अन्य कृषि उपज उत्पादन, बजारीकरणमा युवा कृषकलाई लक्षित गरि आ.व. २०७०/०७१ देखि बिभिन्न कृषि कार्यक्रमहरुको शुरुवात गरेको छ ।

| क्र. सं. | आर्थिक बर्ष | युवा संख्या | बजेट रु. हजारमा |
|---|---|---|---|
| १ | २०७०/०७१ | २९५० | १२ करोड ८० लाख |
| २ | २०७१/०७२ | ७०६० | ५० करोड ६६ लाख |

Fund flow Mechanism:




कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया




**कृषि बिभाग अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमहरूको एक संक्षिप्त सारांश**

| प्राथमिकता/कार्यक्रम स्तर | बजेट शिर्षक (संख्या) | आयोजना/कार्यक्रम (संख्या) |
|---|---|---|
| $P_1$ केन्द्रस्तर<br>जिल्लास्तर | १५<br>२ | ३८<br>२ |
| $P_2$ केन्द्र स्तर | ५ | ६ |
| जम्मा | २२ | ४६ |

## केन्द्रस्तर पहिलो प्राथमिकतामा परेका आयोजना/कार्यक्रमहरू

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | बाँके, बर्दिया, सुर्खेत, दैलेख, दाङ्ग, बैतडी, डडेल्धुरा, दार्चुला, डोटी, कैलाली (१०) |
| बागवानी विकास कार्यक्रम | फलफुल विकास निर्देशनालय र मातहतका राष्ट्रिय कार्यक्रम, फार्म केन्द्रहरु गरि जम्मा १५ कार्यालयहरु |
| • कागती मिशन कार्यक्रम | धनकुटा, तेह्रथुम, भोजपुर, मकवानपुर, नुवाकोट, नवलपरासी, सुर्खेत, पाल्पा, गुल्मी, जाजरकोट (१०) |
| • व्यवसायिक किवि प्रवर्द्धन कार्यक्रम | इलाम, लम्जुङ्ग, दोलखा, पर्वत, डडेल्धुरा (५) |
| • पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | काठमाडौं, भक्तपुर, चितवन, कास्की (४) |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| • व्यवसायिक बेमौषमी तरकारी उत्पादन पकेट कार्यक्रम | धनकुटा, बैतडी, डडेल्धुरा, सुर्खेत, दैलेख, सल्यान, लमजुङ्ग, पर्वत, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, संखुवार नुवाकोट, प्युठान, म्याग्दी, ओखलढुङ्गा (१७) |
| • प्याज भण्डारको लागि शित भण्डार निर्माण | बारा, रुपन्देही, बाँके (३) |
| • अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम | ताप्लेजुङ्ग, पाँचथर, इलाम, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलु, खोटाङ्ग, ओखलढुङ्गा, लम रामेछाप, दोलखा (१४) |
| • युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | दार्चुला, रोल्पा, स्याङ्गजा, लमजुङ्ग, कास्की, रुकुम, पाल्पा, गुल्मी, भक्तपुर, झापा, मोरङ्ग, सुनसरी, प नवलपरासी, कपिलवस्तु, रुपन्देही, सिराहा, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, उदयपुर, चितवन, धनुषा |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| • कफी क्षेत्र विस्तार कार्यक्रम | सिन्धुपाल्चोक, गूल्मी, पाल्पा, काभ्रे, पर्वत, बाग्लुङ्ग, म्याग्दी, सुर्खेत (८) |
| • स्याउ आत्मनिर्भर कार्यक्रम, | मुस्ताङ्ग, मनाङ्ग, जुम्ला, हुम्ला, डोल्पा, मुगु, कालिकोट (७) |
| • अनार प्रवर्द्धन कार्यक्रम | नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा (४) |
| • सुन्तलाजात बगैंचा सुद्धिढकरण कार्यक्रम | गोरखा, धादिङ्ग, कास्की, लम्जुङ्ग, म्याग्दी, पर्वत, स्याङ्गजा, तनहुँ (८) |
| • फलफुल पकेट क्षेत्र विस्तार कार्यक्रम, आँप, लिचि, लप्सी , केरा | नवलपरासी, रुपन्देही, बाँके, बर्दिया, कैलाली (केरा), सप्तरी, सिराहा, उदयपुर, सर्लाही, धनुषा, महोत्तरी, (आँप), धादिङ्ग, तनहुँ, गोरखा, स्याङ्गजा, पाल्पा (लिची), स्याङ्गजा, पर्वत (लप्सी) (१८) |
| तरकारी तथा मसला विकास क्रम | तरकारी विकास निर्देशनालय र मातहतका रा.का तथा फार्म केन्द्रहरु गरि जम्मा १२ वटा |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| व्यवसायिक कृषि (मत्स्य) उत्पादन कार्यक्रम | झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कन्चनपुर, खोटाङ्ग, उदयपुर, धादिङ्ग, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर, नुवाकोट, ललितपुर, तनहुँ, स्याङ्गजा, पर्वत, गोरखा, लम्जुङ्ग, म्याग्दी, कास्की, बाग्लुङ्ग, गुल्मी, अर्घाखाची, पाल्पा, सल्यान, प्यूठान, रुकुम, रोल्पा, सुर्खेत, दैलेख, बाजुरा (४६) |
| बाली संरक्षण कार्यक्रम | बाली संरक्षण निर्देशनालय र मातहतका रा.का, प्रयोगशालाहरु समेत २४ कार्यालयहरु |
| मत्स्य विकास कार्यक्रम | मत्स्य विकास निर्देशनालय र मातहतका का.निहरु तथा फार्म, केन्द्रहरु समेत १३ कार्यालयहरु |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सञ्चालित कार्यक्रम |
|---|---|
| • वीउ आलु आत्मनिर्भर कार्यक्रम | दोलखा, डोटी, प्युठान, सुर्खेत, गुल्मी, कास्की, गोरखा, नुवाकोट, रामेछाप, इलाम, ताप्लेजुङ्ग, पाँचथर, कालिकोट, मनाङ्ग, सिन्धुपाल्चोक, सोलु, चितवन, बारा, नवलपरासी, सर्लाही, झापा, बर्दिया, कैलाली, बाँके, मोरङ्ग, कञ्चनपुर, रुपन्देही, काभ्रे, मकवानपुर, म्याग्दी, रोल्पा, दार्चुला, डडेल्धुरा (३३) |
| • अदुवा प्रवर्द्धन कार्यक्रम | प्युठान, सल्यान, नवलपरासी, डोटी, कैलाली, तनहुँ (६) |
| बाली विकास कार्यक्रम | बाली विकास निर्देशनालय र मातहतका रा. का, प्रयोगशालाहरु समेत ७ |
| • अभियानमूखी मकै, भटमास उत्पादन कार्यक्रम | सुनसरी, बारा, रौतहट, सर्लाही, चितवन, काभ्रे, नवलपरासी, रुपन्देही, दाङ्ग, झापा, मोरङ्ग, मकवानपुर, तनहुँ, बाँके, बर्दिया, कैलाली (१६) |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| • मध्य पहाडी बृहत्तर मकैं उत्पादन कार्यक्रम | इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, काभ्रे, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ्ग, मकवानपुर, गोरखा, लम्जुङ्ग, कास्की, पर्वत, स्याङ्गजा, पाल्पा, म्याग्दी, बागलुङ्ग, गुल्मी, अर्घाखाची, रुकुम, रोल्पा, प्यूठान, सल्यान, जाजरकोट, दैलेख, सुर्खेत, दार्चुला, अछाम, डोटी, बैतडी, डडेल्धुरा (४०) |
| • अभियानमुखी कोदो उत्पादन आयोजना | भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, रामेछाप, दोलखा, काभ्रे, सिन्धुपाल्चोक, धादिङ्ग, पाल्पा, म्याग्दी, बागलुङ्ग, गुल्मी, अर्घाखाची, कास्की, पर्वत, स्याङ्गजा, तनहुँ, लम्जुङ्ग, गोरखा, रोल्पा, रुकुम, सुर्खेत, प्युठान, दैलेख (२४) |
| • अभियानमुखी मुसुरो उत्पादन प्रवर्द्धन आयोजना | सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, रुपन्देही, दाङ्ग, सुखेत, सल्यान, बाँके, बर्दिया, कैलाली, कन्चनपुर (१६) |
| • श्रोत वीउ उत्पादन आयोजना | कन्चनपुर |
| • जुट वीउ उत्पादन आयोजना | सिराहा |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु | बजेट (हजारमा) |
|---|---|---|
| • अभियानमुखी तेलहन वाली उत्पादन आयोजना | मोरङ्ग, सलार्ही, सिन्धुली, मकवानपुर, ललितपुर, चितवन, लम्जुङ्ग, नवलपरासी, गोरखा, पर्वत, कपिलवस्तु, प्युठान, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, डोटी, कन्चनपुर (१८) | |
| • उखु बाली विस्तार तथा प्रवर्द्धन आयोजना | सुनसरी, सलाही, नवलपरासी, कन्चनपुर (४) | |
| कृषि प्रसार तथा तालीम कार्यक्रम | कषि प्रसार निर्देशनालय, कृषि तालिम निर्देशनालय र मातहतका क्षेत्रीय निकायहरु गरि जम्मा ७ कार्यालयहरु | |
| सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम | ७५ जिल्लाहरु | ६३,३५,४८ |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम | इलाम, झापा, धनकुटा, संखुवासभा, मोरङ्ग, सुनसरी, खोटाङ्ग, सप्तरी, सिराहा, धनुषा, दोलखा, रामेछाप, ओखलढुङ्गा, सोलुखुम्बु, सिन्धुली, महोत्तरी,सर्लाही, रौतहट, पर्सा, मकवानपुर, चितवन, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट, धादिङ्ग, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गोरखा, तनहुँ, लम्जुङ्ग, कास्की, पर्वत, स्याङ्गजा, पाल्पा, म्याग्दी,मुस्ताङ्ग, अर्घाखाची, बागलुङ्ग, गुल्मी,रुकुम, रोल्पा, प्यूठान, सल्यान, सुर्खेत, दाङ्ग, बाँके, बर्दिया, जाजरकोट, जुम्ला, कैलाली, डोटी, अछाम, बझाङ्ग, बाजुरा, बैतडी, डडेल्धुरा, कञ्चनपुर (६१) |

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु<br>बजेट (हजारमा) |
|---|---|
| एकिकृत जलश्रोत व्यवस्थापन आयोजना, एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम | झापा, सुनसरी, बारा, पर्सा, लम्जुङ्ग, मनाङ्ग, कास्की, पाल्पा, मुस्ताङ्ग, स्याङ्गजा, बागलुङ्ग, म्याग्दी, कपिलवस्तु, रुपन्देही, नवलपरासी, पर्वत, गोरखा, तनहुँ, गुल्मी, अर्घाखाची, दाङ्ग, बाँके, हुम्ला, मुगु, कालिकोट, बर्दिया, सुर्खेत, दैलेख, रुकुम, रोल्पा, प्युठान, जुम्ला, डोल्पा, जाजरकोट, सल्यान, कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ्ग, बैतडी, दार्चुला, डडेल्धुरा, कन्चनपुर (४४) |
| रानी जमरा कुलरीया सिंचाई आयोजना | कैलाली |
| नेपाल व्यापार एकिकृत रणनिति, २०७० | ताप्लेजुङ्ग, पाँचथुर, तेह्रथुम, इलाम, संखुवासभा, भोजपुर, धनकुटा, महोत्तरी, रौतहट, पर्सा, बारा, मकवानपुर, धादिङ्ग, सिन्धुपाल्चोक, नुवाकोट, ललितपुर, स्याङ्गजा, कास्की, दाङ्ग, बाँके, बर्दिया, कैलाली (२२)<br>मसुरो, चिया, अलैंची, अदुवा, मह |

## केन्द्रस्तर दोश्रो प्राथमिकतामा परेका आयोजना/कार्यक्रमहरू

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| कृषि विकास आयोजना | आयोजना कमाण्ड क्षेत्रका जिल्लाहरु |
| रेशम खेती विकास कार्यक्रम | व्यवसायिक किट विकास निर्देशनालय अर्न्तगतका १० कार्यालयहरु |
| व्यवसायिक कीट विकास कार्यक्रम | व्यवसायिक किट विकास निर्देशनालय र अर्न्तगतका ३ कार्यालयहरु |
| माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | माटो व्यवस्थापन निर्देशनालय र अर्न्तगतका ७ कार्यालयहरु |
| अभियानमुलक भकारो सुधार कार्यक्रम | बैतडी, डडेल्धुरा, डोटी, अछाम, कालिकोट, प्युठान, सल्यान, रोल्पा, रुकुम, जाजरकोट, दैलेख, सुर्खेत, गुल्मी, अर्घाखाची, स्याङ्गजा, पाल्पा, म्याग्दी, गोरखा, लम्जुङ्ग, तनहुँ, कास्की, बाग्लुङ्ग, पर्वत, उदयपुर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, इलाम, पाँचथर, मकवानपुर, धादिङ्ग, सिन्धुली, रामेछाप, ललिपुर, काभ्रे, काठमाडौं, भक्तपुर, नुवाकोट (४०) |

## केन्द्रस्तर दोश्रो प्राथमिकतामा परेका आयोजना/कार्यक्रमहरू क्रमश

| आयोजना/कार्यक्रमको नाम | कार्यक्रम सन्चालित जिल्लाहरु |
|---|---|
| दीगो भू-व्यवस्थापन आयोजना | बैतडी, डडेल्धुरा, डोटी, प्युठान, सल्यान, रोल्पा, रुकुम, सुर्खेत, गुल्मी, अर्घाखाची, पाल्पा, म्याग्दी, गोरखा, लम्जुङ्ग, तनहुँ, कास्की, स्याङ्गजा बाग्लुङ्ग, पर्वत, उदयपुर, तेह्रथुम, धनकुटा, भोजपुर, इलाम, पाँचथर, मकवानपुर, धादिङ्ग, सिन्धुली, ललिपुर, काभ्रे, काठमाडौं, भक्तपुर, नुवाकोट (३३) |

## जिल्लास्तर पहिलो प्राथमिकतामा परेका आयोजना/कार्यक्रमहरु

| आयोजना/कार्यक्रमको नाम | सन्चालित जिल्लाहरु | बजेट (हजारमा) |
|---|---|---|
| कर्णाली अञ्चल कृषि विकास आयोजना | डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालिकोट, मुस्ताङ्ग, मनांग, सोलु | ३,००,०० |
| कृषि प्रसार कार्यक्रम | ७५ जिल्लाहरु | २,२३,४८,३० |

## अनुदानका कार्यक्रमहरू

- राशायानिक मलमा अनुदान : २५५ मे.टनमा ५ अर्ब ४८ करोड
- कृषि यन्त्रमा अनुदान : २५ देखि ७५ प्रतिसत सम्म करीव ९ करोड ५० लाख
- उत्पादन सामाग्रीमा अनुदान
- युवा लक्षित कार्यक्रम सञ्चालन : ५० करोड ६६ लाख
- लक्षित वर्ग जस्तै महिला, बिपन्न, भूमिहीन तथा सिमान्तकृत जनतालाई ब्याज तथा यन्त्रमा अनुदान

**धन्यवाद**

अनुसुचि ४ : प्रश्तुतीकरण : कृषि बजेट र साना किसान, (डा. कृष्णप्रसाद पन्त, स्वतन्त्र अर्थ विश्लेषक)



कृषि बजेट र साना किसान

डा. कृष्णप्रसाद पन्त

**परिचय**

- कुल गार्हास्थ उत्पादनमा एक तिहाइ योगदान दिने कृषि क्षेत्र
- आधुनिकतामा प्रवेश गरि व्यवसायिक बन्न सकेको छैन ।
- बजेटले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ ।
- कृषि मन्त्रालय अन्तर्गत रु. २३ अर्ब २८ करोड विनियोजन
- सिंचाई मन्त्रालय अन्तर्गत छुट्याईएको रु. १६ अर्ब १८ करोड
- कृषिमा प्रत्यक्ष रुपमा ६.३८ प्रतिशत बजेट

के साच्चै यो बजेटले कृषकलाई सम्रिद्ध बनाई कृषि पेशा प्रति युवालाई आकर्षण गर्न सक्छ त?

**कृषि बजेट २०७१/७२ का आर्कषण**

- सिंचाइ, विजुली, यातायात, मल, बीउ, कृषि कर्जा लगायत कृषि सामग्रीहरुको सहज आपूर्ति
- प्रसार सेवा, तालीम,
- **ब्याज अनुदान:** पहाडमा १० हेक्टर र तराईमा २० हेक्टर जमीन एकत्रित गरी खेतीको व्यवसाकिरण तथा यान्त्रीकरण गर्ने समुहलाई जग्गा विकास तथा यान्त्रीकरण गर्न लिएको ऋणको ब्याजमा ५०% र साना तथा सीमान्तकृत किसानहरुको सहकारीलाई ७५% ब्याज अनुदान
- ६ % **ब्याजदर:** कृषकले व्यवसायिक तरकारी, पशुपंक्षि पालन, जडिबुटी, तरकारी र फलफुल खेती, दुग्ध व्यवसाय, मत्स्य पालन, च्याउखेती, जडिबुटी, कृषि भण्डारण, शीत भण्डारण, पशुबधशाला एवं मासुजन्य व्यवसाय
- बाली । पशु बीमाको प्रिमियममा ७५% अनुदान
- चिया उद्योगलाई मूल्य अभिबृद्धि कर र चिया ढुवानी साधनमा भन्सार महसूलमा ५०% छुट
- कृषक समूह र सहकारीलाई भर्मि कम्पोष्ट । प्राङगारिक मल उत्पादन लागतमा ५०% अनुदान
- जैविक खेती गर्ने गांउ विकास समितिलाई कृषि क्षेत्रमा खर्च गर्न नियमित अनुदानमा २५% थप

**सिंचाइ :**

- नबिकरणीय उर्जाबाट कम्तिमा ५० हे जमिनमा लिफ्ट सिंचाइ गर्ने किसानलाई ऋणको ब्याजमा ५०% अनुदान
- ५००० स्यालो टयूववेल र ३५ वटा डिप टयूबवेल
- टार क्षेत्रमा नयाँ प्रविधिमा आरित सिंचाइ प्रणालीबाट सिंचाइ सुविधा ।

**पशुपालन :**

- कृषि, पशुपालन तथा मत्स्य उत्पादन व्यवसायिकरण गर्न आवश्यक उपकरण जस्तै हाते ट्याक्टर, पावर टीलर, फिडर मसिन, मिल्किङ मसिन लगायतका विभिन्न उपकरणहरुमा १% भन्सार
- गाई भैंसी पाल्ने (२०) पशुफर्मले पैठारी गर्ने ढुवानी साधनको भन्सार महसुलमा ५०% छुट र मिल्किङ मसिन तथा मासुजन्य पदार्थको ढुवानीमा प्रयोग हने रेफ्रिजेरेटेड भ्यानको आयातमा पुरै भन्सार छुट
- उन्नत नश्ल उपलब्ध गराउन श्रोत केन्द्रहरुको विकास
- गाईको बाच्छी मात्र उत्पादन हुने नश्ल उपलब्ध
- नेपालको ४२ लाख ३३ हजार कृषक परिवार
- कृषि मन्त्रलयको पूरै बजेट प्रति कृषक परिवार रु ५,५०० (सिंचाई मन्त्रालयको रु ३,८००) ।

**बजेट शीर्षक र त्यसको प्रयोग**

- **१ कर्मचारीः** १.०१ तलबः, १.०२ भत्ताः, १.०३ सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता, १.०४ पोशाक, १.०५ खाद्यान्न तथा आहार, १.०६ औषधि उपचार, १.०७ सेवानिवृत्त सुविधा, १.०८ तालिम कार्यक्रम खर्च
- **२. कार्यालय संचालन खर्च**
- **३. अनुदानः**
- **३.०१ सार्वजनिक संस्थानलाई अनुदान** : (१)सार्वजनिक संस्थान, बोर्ड, समितिहरु र सरकारी निर्णय बमोजिम निजी व्यवसायहरुलाई दिइने संचालन अनुदान
- **३.०२ स्थानीय निकाय–निशर्त अनुदान** : स्थानीय निकाय आफैले चयन गर्ने कार्यक्रमका लागि
- **३.०३ सामाजिक सेवा–निशर्त अनुदान** : सामाजिक संस्था वा निकाय आफैले चयन गर्ने कार्यक्रमका लागि
- **३.०४ सामाजिक सुरक्षा अनुदान** : बृद्ध, असहाय, अपाङ्ग, विधवालाई आर्थिक सहायता
- **३.०५ सामाजिक सेवा सशर्त अनुदान** : सरकारले तोकेको कार्यक्रम संचालन गर्न सामाजिक संस्थालाई दिइने

- **४. सेवा तथा उत्पादन खर्च**
- **४.०१ उत्पादन सामाग्री तथा सेवा** : विषादि, दोपाया, चौपाया, मत्स्य पालन, च्याउ खेती, अन्य कृषि सम्बन्धी उत्पादन, आदिको खर्च, साथै नश्ल सुधारका लागि खरिद गरिएका दोपाया, चौपाया, र यस्ता सामानहरुको ढुवानी गर्दा लाग्ने यातायात तथा ढुवानी सम्बन्धी खर्च ।
- **४.०४ कार्यक्रम खर्चः** गोष्ठी, आय आर्जन, सीप विकास, सशक्तीकरण, चेतना जागरण जस्ता तालिम संचालन खर्च
- **४.०५ कार्यक्रम भ्रमण खर्चः** सरकारी कार्यक्रम कार्यान्वयनका सिलसिलामाकाममा खटिंदा लाग्ने भ्रमण तथा दैनिक भत्ता ।
- **४.०६ निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च** :
- **९.०१ भैपरी आउने** :
- **(ख) पूंजीगत खर्च :**
- **५. पूंजी स्थानान्तरण (ट्रान्सफर) खर्च** : यस अन्तर्गत जग्गा तथा भवनको खरिद र अधिग्रहण गर्दाको खर्च
- **६ पूंजी निर्माण खर्च** : कृषि औजार, पशु चिकित्सा सम्बन्धी सानातिना मालसामान, भवन निर्माण, कम्पाउण्ड वाल वा तारवार,
- **७. लगानी** : यस अन्तर्गत नेपाल सरकारबाट सार्वजनिक संस्थान तथा अन्य निकायहरुमा गरिने शेयर तथा ऋण लगानी

- **८. पूँजीगत अनुदान** :
- **८.०१ सार्वजनिक संस्थानलाई अनुदान** :
- **८.०२ स्थानीय निकाय निशर्त अनुदान** : स्थानीय निकाय आफैले चयन गर्ने पूंजीगत कार्यक्रमका लागि
- **८.०३ सामाजिक सेवा निशर्त अनुदान** : सामाजिक संस्था आफैले चयन गर्ने पूंजिगत कार्यक्रमका लागि
- **८.०५ सामाजिक सेवा सशर्त अनुदान** : नेपाल सरकारको तर्फबाट तोकिएको पूँजीगत कार्यक्रम
- **८.०६ स्थानीय निकाय सशर्त अनुदान** : नेपाल सरकारको तर्फबाट तोकिएको पूँजीगत कार्यक्रम
- **९.०२ भैपरी आउने** : बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षक तोक्न सम्भव नभएका

कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने अनुदान दिने कार्यक्रमहरु र बजेट (रु हजारमा)

| | जम्मा बजेट | ४.०१ उत्पादन सामाग्री तथा सेवा | ४.०४ कार्यक्रम खर्च | अनुदान |
|---|---|---|---|---|
| विशेष कृषि उत्पादन कार्यक्रम (मल) | ५,४८,४०,६६ | | | ५,४७,२४,७० |
| साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना | ६०,७६,२९ | | १,४३,०० | ३५,००,०० |
| सहकारी खेती, साना सिंचाई, मलविउ ढुवानी कार्यक्रम | ६३,३५,४८ | | २,११,१६ | ३१,२१,४० |
| व्यवसायिक कृषि तथा ब्यापार आयोजना | २,२६,००,२४ | | ५,७०,०० | ८४,४२,५० |
| पशु विकास सेवा कार्यक्रम | ४६,०४,२० | १,८७,८० | १६,१२,६० | ९३,७५ |
| उच्च मूल्य कृषि बस्तु विकास आयोजना | ३८,१६,७६ | | ४,४०,८० | ८,८६,१२ र १७,००,०० |
| हिमाली आयोजना (सहायता र अनुदान) | ७७,६७,४१ | १०,०० | | ५०,००,०० र ३,४९,९५ |
| कृषि तथा खाद्य सुरक्षा आयोजना | १,२०,१३,८० | | ४३,६०,६३ | ३,११,०० |
| नेपाल ब्यापार एकिकृत रणनीति | ४,७४,३२ | | १,६८,६६ | १०,०० |
| कर्णाली अंचल कृषि विकास आयोजना (स्थानीय निकाय सशर्त अनुदान) | ५,००,०० | | | ५,००,०० |

## कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने उत्पादन सामाग्री कार्यकमहरु र बजेट

(रु हजारमा)

| | जम्मा बजेट | ४.०१ उत्पादन सामाग्री तथा सेवा | ४.०४ कार्यक्रम खर्च |
|---|---|---|---|
| कपास विकास समिति | २,४७,४६ | १,६२,२६ | ७,०५ |
| चिया, कफि, अलैची विकास बोर्ड | ६,०२,३० | १,००,०५ | ९,७५ |
| वागवानी विकास कार्यकम | २६,२७,४३ | ४,४८,६८ | ७,८२,९७ |
| आलु, तरकारी तथा मसला विकास कार्यकम | ३९,०४,७५ | १,५०,०० | ७४,२५ |
| मत्स्य विकास कार्यकम | २१,१९,७१ | २,१६,४४ | ६५,२० |
| खाद्य पोषण प्रविधि कार्यकम | १३,९२,३१ | ४७,३८ | १,३०,३० |
| व्यवशायिक किट विकास कार्यकम | ३४,४९,५३ | १७,६० | २५,६० |
| कृषि सुचना तथा सन्चार कार्यकम | ५,३७,२८ | ११,१७ | ७५,२० |
| मटो परक्षिण तथा सुधार सेवा कार्यकम | ५,६६,४५ | २१,४१ | ७०,४२ |
| पशु स्वस्थ्य सेवा कार्यकम | ३०,३८,९० | १,२३,६१ | ११,००,०० |
| पशु विकास फार्महरु | १४,४२,३१ | ५,४९,९९ | ७५,०१ |
| राष्टिय दुग्ध विकास बोर्ड | ६,८१,०० | ३,०२,९९ | ५,०० |
| ज्लवायु प्रकोप समुत्थान निर्माण आयोजना | १६,६७,७३ | ८,७५ | २३,५० |
| किसानको लागि उन्नत विउविजन कार्यकम | ४७,१२,१२ | १७,०७,५८ | |

## कृषकले प्रत्यक्ष फाईदा लिन नसक्ने कैन्द्रियस्तरका कार्यकम र बजेट (रु हजारमा)

| | जम्मा बजेट | ४.०४ कार्यक्रम खर्च |
|---|---|---|
| कृषि विकास मन्त्रालय | ३४,२०,४१ | १०,०० |
| कृषि विभाग | ५,३७,०१ | ५,३५ |
| क्षेत्रीय कृषि विकास निर्देशनालय | ७,६९,५६ | ३७,४० |
| पशु सेवा विभाग | ३,४०,८९ | १०,०० |
| क्षेत्रीय पशु सेवा निर्देशनालय | ३,९८,७१ | २६,४४ |
| पशु चिकित्सा परिषद | ३९६२ | |
| कृषि अनुसन्धान तथा विकास कोष | ५,८१,५२ | ४,००,०२ |
| दीर्घकालिन कृषि योजना अनुगमन तथा समन्वय कार्यकम | १९,९९,४१ | ६,६८,४० |
| पशु सेवा तालिम कार्यकम | ५,८६,७४ | २६,७६ |
| बर्ड फ्लु नियन्त्रण कार्यकम | ९,५५,५१ | ८,७३,०० |

## कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने अन्य कार्यकम र बजेट

(रु हजारमा)

| | जम्मा बजेट | ४.०४ कार्यक्रम खर्च |
|---|---|---|
| कृषि विकास आयोजना (जनकपुर) | ८,२०,३८ | ५३,१३ |
| रेशम खेती विकास कार्यकम | ९,२४,४१ | १,२५,९५ |
| विउ प्रबर्द्धन तथा गुण नियन्त्रण कार्यकम | २,७८,८७ | १३,५३ |
| बाली संरक्षण कार्यकम | २१,४८,६२ | ४,६१,३३ |
| कृषि प्रसार तथा तालिम कार्यकम | १७,७१,५८ | ३५,२० |
| समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यकम | ४,०८,४४ | ४६,९० |
| कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यकम | २२,१८,३६ | २,०४,१० |
| एकृकित जलस्रोत व्यवस्थापन कार्यकम | २०,५७,७८ | ६,५१,०६ |
| पशु पंक्षि बजार प्रबर्द्धन कार्यकम | १९,७४,७२ | ४४,०३ |
| कृषि अनुसन्धान कार्यकम | १,७१,९२,३५ | ५७,००,०० |
| खाद्य संकट संबोधन कार्यकम | ८,४३,०० | ११,०० |
| दिगो भू व्यवस्थापन कार्यकम | ६,०१,२० | ६,०१,२० |
| चिनि तथा उखु विकास समिति | ४२,०० | ११,५५ |
| रानी जमरा कुलरिया सि. आ. | ११,६९,३४ | २,५७,५० |
| पहाडी मकै बाली अनुसन्धान कार्यकम | ९,२०,९४ | ७,६५,८५ |

## कृषकले प्रत्यक्ष फाईदा लिन सक्ने जिल्ला स्तरीय कार्यकम

(रु हजारमा)

| | जम्मा बजेट |
|---|---|
| कृषि प्रसार कार्यकम | २,२३,४८,३० |
| पशु सेवा प्रसार कार्यकम | १,८९,१३,१७ |
| घर बगैचा कार्यकम | ३,८८,२३ |





**बजेटको लक्षित बर्ग**

- राष्टिय कृषि नीति २०६१ ले कृषकहरुलाई दुई बर्गमा बाँडेको छ, व्यवसायिक किसान र साना किसान।
- व्यवसायिक किसानलाई सहयोग गर्न धेरै व्यवसायिक आयोजनाहरु आएका छन् भने साना किसानले अझैपनि राम्रो सेवा नपाईराखेको अवस्था छ।
- बजेट कार्यक्रममा साना किसानको पहुँच पुÐयाउने उदेश्य लिईएता पनि यस्ता किसानहरु समुहमा आवद्ध भए मात्र सेवा सुलभ हुने अवस्था छ।
- सिमित कृषि एवं पशुसेवा प्राविधिकले घर गोठमा पुगि सबैलाई सेवा दिन सक्ने अवस्था छैन।

सार संक्षेप

- कृषि क्षेत्रको बजेटले कृषि व्यवसायीकरण र निर्यात प्रबर्द्धनलाई विशेष जोड दिएको भएता पनि साना किसानलाई समेत समेटेको छ।
- साना किसान संगठित हुन आयश्यक छ।
- साना किसानको फाईदाको लागि प्रविधि प्रसार सेवा र अनुदान।
- कृषि मलमा मूल्य अनुदानबाट साना किसानलाई भन्दा ठूलालाई धेरै फाईदा
- प्रतिस्पर्धात्मक अनुदानबाट साना किसानले फाईदा लिन सक्दैनन्
- साना किसानको क्षमता बृद्धि जरुरी छ
- क्षमता बृद्धिकालागि संगठित गर्ने, प्राबिधिक सेवा दिने, बजारसंग सम्बन्ध स्थापित गर्ने

- साना किसानलाई फाईदा पुग्ने गरि कार्यक्रम र बजेट बनाउन पर्दछ।
- सबै किसानलाई समान अनुदान दिनु भन्दा साना किसानलाई बढी अनुदान दिने
- गाउँ विकास समितिमा जाने बजेट मध्येबाट १५% अनिवार्य कृषिमा, खासगरि साना किसानमा लगाउन पर्ने नीति आवश्यक छ।

# धन्यवाद

अनुसुचि ५ : कार्यक्रम झलकहरु










र भूमिहीन किसान
कार्यक्रम


साना, महिला र भूमिहीन किसान

!!!!!